# नेपालगञ्ज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज बाँके, लुम्बिनी प्रदेश, नेपाल ।

### सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण कार्यक्रम सञ्चालनका लागि परामर्शदाता संघ संस्थाहरुलाई प्रस्ताव पेश गर्ने बारे अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०।०८।०६)

नेपालगञ्ज उप-महानगरपालिकाको चालु आ.व.२०८०/०८१ का लागि स्वीकृत सार्वजनिक सुनुवाई कार्यक्रम र उप-महानगरपालिकाको सामाजिक परिक्षण सम्बन्धी कार्य, उक्त क्षेत्रमा आवद्ध भई काम गरिरहेका आतीप्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका गैर सरकारी संस्था वा परामर्शदाता संस्थाहरुबाट गुणस्तर, लागत र साकेदारी विधिका माध्यम बाट सेवा खरिद गरि सञ्चालन गर्नुपर्ने भएकोले तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खाममा खामबन्दी गरि दुवै खामलाई पुनः अर्को एक खाममा राखि उक्त खाम शिलबन्दी गरि शिलबन्दी खाम सहितको पूर्ण प्रस्ताव, सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नुहुन सूचित गरिन्छ ।

तपसिल

| सि.नं. | कार्यक्रमको नाम | उपमहानगरपालिकाको बजेट | संस्थाको सहभागिता | कुल कार्यक्रम बजेट |
|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई कार्यक्रम | १,५०,०००।- | ३०,०००।- (बिस प्रतिशत) | १,८०,०००।- |
| २ | सामाजिक परीक्षण | १,००,०००।- | २०,०००।- (बिस प्रतिशत) | १,२०,०००।- |

**प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि :**

(१) दर्ता तथा नविकरण भएको प्रमाणपत्र, (२) आन्तरिक राजस्व कार्यालयबाट जारी भएको पा.न. वा मू.अ.कर दर्ता प्रमाणपत्र, (३) उप-महानगरपालिकाको मौजुदा सूचीमा सूचिकृत भएको प्रमाणपत्र, (४) आ.व.२०७९।०८० सम्मको लेखा परिक्षण प्रतिवेदन, (५) आ.व.२०७९।०८० को कर चुक्ता प्रमाणपत्र, (६) आफ्नै कार्यालय भएको वा बहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र, (७) चालु आ.व. २०८०।०८१ को उप-महानगरपालिकालाई बुझाउनुपर्ने सबै प्रकारका कर चुक्ता गरेको, (८) संस्था कालो सूचीमा नपरेको व्यहोरा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले स्वघोषणा गरि पत्र संलग्न गरेको, (९) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (ToR) का आधारमा तयार गरेको हुनुपर्नेछ, (१०) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम बिच तालमेल भएको हुनुपर्नेछ, (११) कर कट्टी लगायत अन्य विषयहरु सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ, (१२) प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिको दस्तखत र छाप लागेको हुनुपर्नेछ, (१३) प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् मिति २०८० मंसिर २० गते कार्यालय समय भित्र, उक्त दिन बिदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ, (१४) दर्ता भएका सबै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनिधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन, (१५) प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR) यस कार्यालयको सूचना पाटी तथा website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि नेपालगञ्ज उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, फोन नं. ०८१-५३६४१/ ५३०३१६ वा सामाजिक, गै.स.सं. तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

फोन: 081-520151,530338,535323
टोल फ्री: 1660 81 52052
वेबसाइट: www.nepalgunjmun.gov.np
इमेल: nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नेपालगञ्ज, बाँके, लुम्बिनी प्रदेश, नेपाल ।

**नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व. २०८०/०८१ का लागि स्वीकृत सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण सम्बन्धी कार्यक्रमको प्रस्तावना पेश सम्बन्धी कार्यक्षेत्रगत शर्त (TOR)**

यस उप-महानगरपालिकाले चालू आ.व. २०८०/०८१ मा स्वीकृत सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण दुवै कार्यक्रमहरु गैर सरकारी संस्था वा परामर्शदाता संस्थाहरुबाट गुणस्तर र लागत विधि अपनाई सेवा प्रदायक छनौट गर्नुपर्ने भएकोले यस कार्यालयबाट मिति २०८०।०८।०६ गते प्रकाशित सूचना अनुसारको प्रस्ताव पेश गर्दा सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण सम्बन्धी प्रचलित कानूनमा उल्लेखित विषयवस्तुहरु समेतलाई मनन गरि प्रस्तावना पेश गर्नका लागि देहाय बमोजिम कार्यक्षेत्रगत शर्त स्वीकृत गरिएको छ ।
प्रस्तावको भाषा नेपाली हुनुपर्नेछ ।

**१. कार्यक्रमको पृष्ठभूमी :** नगर कार्यपालिकाको कार्यालयबाट प्रस्ताव माग गरेको कार्यक्रमको बारेमा स्पष्ट उल्लेख गर्नुहोस् ।

**२. कार्यक्रमको उद्देश्य :**

- उप-महानगरपालिकाको काम कारवाही बारे उपमहानगरवासिहरुलाई जानकारी गराउने ।
- उप-महानगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाका बारेमा छलफल/बहस गर्ने ।
- उप-महानगरपालिकासंग सम्बन्धित गुनासोहरु सुनुवाई गरि गुनासो व्यवस्थापन गर्ने ।
- उप-महानगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाको प्रभाबकारिताका बारेमा पृष्टपोषण लिने ।
- गत आ.व. २०७९।०८० मा भए गरेका कामहरुको सामाजिक प्रभाव कस्तो रहेको छ सो सम्बन्धि उप-महानगरपालिकाको सामाजिक परिक्षण गने ।
- सेवाग्राहीबाट आएका गुनासोको सुनुवाई गर्न साझा सार्वजनिक प्रतिवद्धताको घोषणा गर्ने ।

**३. कार्यक्षेत्र :** नेपालगञ्ज उप-महानगरपालिका ।

**४. कार्यक्रमको नाम, संचालन गर्ने विधि :** प्रचलित सुशासन ऐन, स्थानीय सरकार सञ्चालन ऐन तथा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण सम्वन्धि प्रचलित कानूनको परिपालना गर्ने गरि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण गर्दा वस्तीस्तरमा सूचना प्रवाह, नागरिक सहभागिता, सेवाग्राहीसंगको विभिन्न विधिवाट नमूना अभिमत संकलन, बहिर्गमन मत लगायत अनुसन्धानका मापदण्डमा आधारित रहि समग्र उप-महानगरपालिकाको सुशासनको अवस्था समेतको चित्रण गर्ने परिकल्पना सहितको प्रस्ताव तयार गरिएको हुनुपर्नेछ ।

**५. प्रस्ताव तयार गर्दा देहायका विषयमा बढीमा १० (दश) पेज भित्र समेटिने गरि पेश गर्नुपर्नेछ :**

(क) संस्थाको छोटो परिचय एक पेज मात्र (ख) संस्थागत अनुभव र क्षमता दुई पेज मात्र (ग) मूख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव दुई पेज (घ) सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण सम्बन्धी कार्यक्रमका वारेमा साथै कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता तिन पेज (ङ) कार्यालय भवन तथा भौतिक सामाग्री एक पेज मात्र (च) व्यवस्थापकिय क्षमता एक पेज मात्र ।

CamScanner

(पुनश्च: सार्वजनिक सुनवाई (वार्षिक ३ पटक) र सामाजिक परिक्षण वार्षिक १ पटक फरक-फरक कार्यविधिबाट कार्यान्वयन हुने भएकोले प्रस्ताव तयार गर्दा दुवै कार्यक्रमलाई स्पष्ट रुपमा परिभाषित गरि तयार गर्नुपर्नेछ, जस्तै : संचालन विधि, कार्यान्वयन प्रक्रिया, जनशक्ति, कार्यान्वयन र कार्यसम्पन्न गर्ने अवधि आदि)।

६. **संस्थाको साझेदारी :** उप-महानगरपालिकाबाट विनियोजित बजेट अन्तर्गत् सार्वजनिक सुनुवाई कार्यक्रम रु १,५०,०००।- र उप-महानगरपालिकाको सामाजिक परिक्षण रु १,००,०००।- समेत जम्मा रु २,५०,०००।- (दुई लाख पचासहजार) को २० प्रतिशत लागत सहभागिता गर्नुपर्नेछ।

७. **कार्य योजना :** दुवै कार्यक्रमको बेग्लाबेग्लै कार्यान्वयनका लागि विस्तृत कार्ययोजना पेश गर्नुपर्नेछ।

८. **अनुगमन तथा मूल्याङ्कन विधी :** दुवै कार्यक्रमको शुभारम्भ देखि कार्यसम्पन्न सम्मको अनुगमन विधी उल्लेख गर्ने।

९. **प्रतिवेदन :** कार्यक्रमको प्रतिवेदन पेश गर्दा अघिल्लो कार्यक्रमको प्रतिवद्धता कार्यान्वयनको अवस्था र हाल सम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवद्धता लगायतका गतिविधिहरु समेटी प्रतिवेदन पेश गर्ने बारेमा संस्थाको धारणा उल्लेख गरिएको हुनुपर्नेछ।

**१०. प्रारम्भिक आशय छनौट**

(क) सूचनामा उल्लेखित शर्त तथा सो विषय संग सम्बन्धित सम्पूर्ण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन्। उक्त शर्त पुरा गरे बापत कुनै अंक पाईने छैन र यस्तो शर्त पुरा नगरेका प्रस्तावहरु प्रारम्भिक चरणबाटै बाहिरिने छन्।

**११. प्राविधिक तथा आर्थिक प्रस्ताव :** प्रस्तावको ढाँचा आफुखुशी प्रयोग गर्न सकिनेछ। प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खाममा खामबन्दी गरि दुवै खामलाई पुन: अर्को एक खाममा राखि शिलबन्दी खाम सहित तयार गरि पेश गर्नुपर्नेछ। प्रस्तावको प्रत्येक पानामा प्रस्तावदाता वा निजको अधिकार प्राप्त प्रतिनीधिले दस्तखत गरि प्रमाणितका साथै संस्थाको छाप समेत लगाएको हुनुपर्नेछ।

**१२. प्रस्ताव मूल्यांकन गर्ने तरिका :**

पेश भएका प्रस्तावहरुको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिनेछ। प्रस्तावनाको कूल अंकभार १०० कायम गरिएको छ। प्राविधिक प्रस्तावको कूल अंकभार ८० र प्राप्ताङ्क न्यूनतम ४० प्रतिशत हुनेछ। न्यूनतम अंक प्राप्त गर्ने परामर्शदाता संस्थाको मात्र आर्थिक प्रस्ताव खोलिनेछ र आर्थिक प्रस्तावको कूल अंकभार २० कायम गरिएको छ। दुवै प्रस्तावमा उच्चतम अंक प्राप्त गर्ने सेवा प्रदायक संस्थालाई छनौट गरिनेछ।

**१३. अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**

- सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक आशयका लागि अनिवार्य भएकोले उक्त शर्तहरु पुरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पुरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन।

**पुनश्च:** *छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्नमा भने वाधा पर्ने छैन।*

*१४. प्रस्ताव स्वीकृत, अस्वीकृत वा रद्ध सम्बन्धी जुनसुकै निर्णय गर्ने अधिकार यस कार्यालयमा अन्तरनिहित रहनेछ। यसमा उल्लेख नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली बमोजिम हुनेछ।*

**समाप्त।**

२०७८।८।१५

CamScanner